## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी डा. डिल्लीरमण रेग्मीको पुस्तकालय र अनुसन्धान कार्यको लागि उहाँको बिदेशस्थित छोरीहरूले पठाउने विदेशी मुद्राको आर्जनबाट खरिद भै आयात हुने अमेरिकी डलर १०,३००।– मूल्य बराबरको टोयोटा ल्याण्ड क्रुजर जीप एकको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले लेख्य प्रमाणक नियमावली, २०४१ को नियम २ (घ) को प्रयोजनको लागि माल कार्यालय भएका जिल्लाहरूमा माल कार्यालय र मालपोत कार्यालयहरू भएका जिल्लाहरूमा मालपोत कार्यालयलाई कार्यालय तोकेको छ ।

आज्ञाले,

वासुदेव प्रधान

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४०

मुद्रण विभाग सिंहदरबार